**Nepali**

आँधीबेह्री तीव्र गतिमा दक्षिण चीनको तटीय क्षेत्रको पश्चिमी भाग तर्फ नजिकिन्दै गएको हुनाले वेधशाला (अब्जर्भेटरी) ले आज बेलुकी 6 देखि 9 बजे भित्र तीव्र आँधीबेह्री संकेत नम्बर 3 जारी गर्नसक्नेछ र कृपया पछिल्लो मौसम पूर्वानुमान साथै निम्न सावधानीका उपायहरूमा ध्यान दिनुहोस् -

**सावधानी**

1. सावधानीहरु अपनाउनु पर्दछ । ढल-नालीहरु अवरोध मुक्त हुनु पर्दछ, र झ्याल-ढोकाहरु जाँच गरिनुपर्छ।

2. धेरै हावा चल्ने स्थानहरु वा समतल क्षेत्रमा बसोबास गर्ने मानिसहरूले तीव्र आँधीबेह्री र बाढीबाट सावधानी अपनाउनुपर्छ ।

3. ग्वाङ्डो, मकाउ, अन्य टापुहरू वा हङकङको दुर्गम क्षेत्रमा भ्रमण गर्ने योजना बनाएका मानिसहरूले मौसममा हुने परिवर्तनहरूको कारण तपाईहरुको यात्रालाई असर गर्न सक्छ भन्ने कुरामा ध्यान दिनुहोस् ।

4. खुला समुद्रमा माछा मार्ने जहाजहरू र कम शक्तिका जहाजहरूले जतिसक्दो चाँडो आश्रय खोज्नुपर्छ र राम्रोसँग बाँधिएको सुनिश्चित गर्नुपर्दछ ।

5. निर्माण र प्रापर्टी (सम्पत्ती) व्यवस्थापन व्यवसायीहरूले बाहिर झुण्डाएका वा टाँगिएका उपकरणहरु र अस्थायी संरचनाहरू सुरक्षित रूपमा बाँधिएका छन् भनि सुनिश्चित गर्नुपर्छ, र सावधानीका उपायहरू अपनाउनु पर्दछ ।

6. उष्णकटिबंधीय चक्रवात बारे पछिल्लो जानकारी प्राप्त गर्न रेडियो सुन्नुहोस्, टिभी हेर्नुहोस् वा हङकङ अब्जर्भेटरी (हङकङ वेधशाला) को वेबसाइट र मोबाइल एपमा हेर्नुहोस् ।